# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०५।२६ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

दैलेख जिल्ला, चामुण्डा बिन्द्रासैनी नगरपालिका, वडा नं. ३ स्थित चामुण्डा माध्यमिक विद्यालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट विभिन्न तालिम संचालनका लागि प्राप्त रकम अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, कर्णाली प्रदेश, प्रदेश कार्यालय वीरेन्द्रनगर, सुर्खेतले विना सूचना, विना प्रतिष्पर्धा एकै चोटी कार्यक्षेत्र, क्षमता, आवश्यक पूर्वाधारसमेत अध्ययन नगरी तालिम संचालनको अनुमति दिई श्री चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३ हाडाकोट दैलेखसँग सम्झौता गरेको र उक्त विद्यालय आफैले सञ्चालन गर्नुपर्ने तालिम इलाईट इन्फ्रास्ट्क्चर एण्ड डिभलपमेन्ट कन्सल्टयान्ट प्रा.लि. काठमाडौंलाई सबै तालिम संचालन गर्न सो विद्यालय आफैले अनुमति प्राप्त गर्नुपूर्व करारनामा गरी तालिम संचालन गर्न दिएको भनी सम्झौता कागज तयार गरेको र यसरी सम्झौता गर्दा कुनै सूचना प्रकाशन एवं प्रतिष्पर्धा नगरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् आर्थिक प्रशासनसम्वन्धी विनियमावली, २०६२ मा रहेका प्रावधान विपरीत वोलपत्रमार्फत गर्नुपर्ने कार्य नगरी सिधै मिलेमतोमा तालिम संचालन गर्न दिएको, छोटो अवधिको सीपमूलक तालिम कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार प्रशिक्षार्थी छनौट प्रक्रिया र तालिमका सहभागीहरुको योग्यता तोकिएकोमा सो पालना नगरी सिधै निजी संस्थाले प्रशिक्षार्थी छनौट गरेको देखिएको, उक्त कार्यविधि अनुसार मुख्य र सहायक प्रशिक्षक नतोकिएको, सामान खरिद गरेको भन्ने झुठा विलहरु पेश गरेको र खरिद सामान आम्दानी तथा खर्च गरेको नदेखिएकोबाट तालिम संचालनका लागि चाहिने सामान नै खरिद नगरिएको भन्ने देखिँदादेखिँदै तालिम संचालन भएको भनी रितपूर्वकका विलभरपाई, कागजात नराखी, लेखाङ्कनसमेत नगरी, नक्कली तथा झुठा विल भरपाई कागजातहरु पेश गरी सो विद्यालयबाट गोश्वारा भौचरसमेत नउठाई सिधै व्यक्ति तथा संस्थालाई रकम भुक्तानी दिई खर्चसमेत गरेको कार्यलाई मान्यता दिनेगरी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, कर्णाली प्रदेश, प्रदेश कार्यालय वीरेन्द्रनगर, सुर्खेतका कर्मचारीहरुले चामुण्डा माध्यमिक विद्यालय दैलेखका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र इलाईट इन्फ्रास्ट्रक्चर डिभलपमेन्ट कन्सल्टयान्ट प्रा.लि. काठमाडौं नामक निजी संस्थाका संचालकसमेतसँगको मिलेमतोमा सरकारी सम्पत्ति हानिनोक्सानी पुऱ्याउने वदनियतले सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले देहायका व्यक्तिहरुउपर देहायबमोजिम सजायको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहाय:**

| सि.नं. | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन का.मु. निर्देशक (कार्यालय प्रमुख) भीमकान्त लामिछाने | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, कर्णाली प्रदेश, प्रदेश कार्यालय वीरेन्द्रनगर, सुर्खेत | रु.३,४३,८८,८१६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम लापरवाही एवं वदनियतसाथ सरकारी सम्पत्ति हानिनोक्सानी गरेको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरीवाना गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद |

| | | | | |
|---|---|---|---|---|
| | | | | सजाय तथा उक्त विगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन समेत मागदाबी लिइएको छ । |
| २. | तत्कालीन का.मु. निर्देशक (कार्यालय प्रमुख) मोहन बहादुर कार्की | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, कर्णाली प्रदेश, प्रदेश कार्यालय वीरेन्द्रनगर, सुर्खेत | रु.३,४३,८८,८१६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिम सरकारी सम्पत्ती हानिनोक्सानी गरेको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद सजाय तथा उक्त विगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन समेत मागदाबी लिइएको छ । |
| ३. | लेखा अधिकृत शिवराम रोकाय | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, कर्णाली प्रदेश, प्रदेश कार्यालय वीरेन्द्रनगर, सुर्खेत | रु.३,४३,८८,८१६।- | भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ बमोजिम सरकारी सम्पत्ति हानिनोक्सानी गरेको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद सजाय तथा उक्त विगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन समेत मागदाबी लिइएको छ । |
| ४. | तत्कालीन प्रधानाध्यापक जय प्रसाद तिमिल्सेना | श्री चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका -३ हाडाकोट दैलेख | रु.३,४३,८८,८१६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सरकारी सम्पत्ति हानिनोक्सानी गरेको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरीवाना गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद सजाय तथा उक्त विगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन समेत मागदाबी लिइएको छ । |
| ५. | सहलेखापाल नरेश वहादुर शाही | श्री चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका -३ हाडाकोट दैलेख | रु.३,४३,८८,८१६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सरकारी सम्पत्तिहानि नोक्सानी गरेको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद सजाय तथा उक्त विगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन समेत मागदाबी लिइएको छ । |
| ६. | तत्कालीन अध्यक्ष नन्दवहादुर शाही | चामुण्डा माध्यमिक विद्यालय, विद्यालय व्यवस्थापन समिति | रु.३,४३,८८,८१६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सरकारी सम्पत्ती हानिनोक्सानी गरेको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद सजाय तथा उक्त विगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन |

| | | | | |
|---|---|---|---|---|
| | | | | समेत मागदाबी लिने। |
| ७. | संचालक उपेन्द्र कुमार शाही | इलाईट इन्फ्रास्ट्रक्चर एण्ड डिभलपमेन्ट कन्सल्टयान्ट प्रा.लि, काठमाडौं | रु.३,४३,८८,८१६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय, विगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम विगोसमेत जफत हुन मागदाबी लिइएको छ । |
| ८. | धुपेन्द्र वहादुर शाही | जिल्ला दैलेख चामुण्डा बिन्द्राशैनी नगरपालिका वडा नं-४, बस्ने | रु.७०,००,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय, विगो बमोजिम जरीवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम विगोसमेत जफत हुन मागदाबी लिइएको छ । |
| ९. | कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालय सुर्खेतका तत्कालीन शाखा अधिकृत पदम वहादुर बुढा क्षेत्री, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, कर्णाली प्रदेश, प्रदेश कार्यालय वीरेन्द्रनगर, सुर्खेतका तत्कालीन सहायक प्रशिक्षक गंगराज शाही, र कर्णाली प्राविधिक शिक्षालय जुम्लाका तत्कालीन प्रशिक्षक हिरा वहादुर शाही | | रु.३,४३,८८,८१६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ.ऐनको दफा २२ अनुसार कैद सजाय, विगो बमोजिम जरीवाना र विगो असुल हुन मागदावी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी